म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४१ आइतबार ६ साउन २०८१ ने. सं. ११४४ दिल्लाथ्व 21 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## जम्कट्टेललाई विश्वासको मत नदिन एमालेको ह्वीप

हेटौंडा, ५ साउन/नेकपा एमाले संसदीय दल बागमती प्रदेशले मुख्यमन्त्री शालिकराम जम्कट्टेलको बिपक्षमा मतदिन ह्वीप जारी गरेको छ । नेकपा एमालेले आफ्ना सांसदलाई बिपक्षमा मतदिन ह्वीप जारी गरेको हो । एमाले संसदीय दलका मुख्यसचेतक मधुसूदन पौडेलले एमाले सांसदलाई आइतबारको प्रदेशसभा बैठकमा अनिवार्य उपस्थित भई मुख्यमन्त्रीको विश्वासको मतको बिपक्षमा मतदिन ह्वीप जारी गरिएको जानकारी दिए । मुख्यमन्त्री जम्कट्टेलले आइतबार प्रदेशसभामा विश्वासको मत लिँदैछन् । नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थनमा बनेको वर्तमान सरकार एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको हो । संघीय सरकारमा कांग्रेस एमालेसहितको गठबन्धन बनेसँगै प्रदेशमा पनि एमालेले समर्थन फिर्ता लिएको थियो ।

# बागमतीमा माओवादी नेतृत्वको सरकारको आज अन्तिम दिन

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ नेकपा एमालेले माओवादी केन्द्रसँगको सत्तासाझेदारी तोड्दै नयाँ समिकरण बनाएपछि बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकार आज आइतबार ढल्दैछ ।

अल्पमतमा परेको १३ दिनपछि प्रदेशसभामा दिउँसो १ बजे विश्वासको मत लिने तयारीमा रहेका जम्कट्टेलको पक्षमा ३० सांसद मात्रै देखिएका छन् । सरकार टिकाइराख्ने जम्कट्टेलसँग कुनै संसदीय विकल्प छैन । उनको पक्षमा आफ्नै दल नेकपा माओवादी केन्द्रका २१, नेकपा (एकीकृत समाजवादी)का ७ र हाम्रो नेपाली पार्टीका दुईजना सांसद छन् ।

नेकपा एमाले, नेपाली कांग्रेस र राप्रपाले विश्वासको मत नदिने निर्णय गरेका छन् । प्रतिपक्षी दल नेपाल मजदुर किसान पार्टी (नेमकिपा) पनि जम्कट्टेलको विपक्षमा उभिने भएको छ । २४ असारमा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै जम्कट्टेल अल्पमतमा परेका थिए । प्रदेशसभाको दोस्रो कार्यकालका लागि २५ पुस २०७९ देखि जम्कट्टेल मुख्यमन्त्रीको कुर्सीमा थिए ।

मुख्यमन्त्री जम्कट्टेलले १८ महिनामा तीनपटक विश्वासको मत लिएर सत्ता जोगाएका थिए ।



सत्तासमीकरण परिवर्तनसँगै जम्कट्टेलले ३ माघ २०७९ मा पहिलोपटक विश्वासको मत लिएका थिए । एमालेले सरकार छाडेपछि कांग्रेस, एकीकृत समाजवादीको समर्थनमा १० चैतमा दोस्रोपटक र कांग्रेसले सरकार छोडेपछि १९ चैत २०८० मा एमाले, एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीसँगको समर्थनमा तेस्रोपटक विश्वासको मत लिएर सरकार टिकाइएको हो ।

मुख्यमन्त्री जम्कट्टेलले पहिलोपटकमा १०५ जना सांसद, दोस्रो पटकमा ६७ जना सांसद र तेस्रो पटक ५६ जना सांसदको विश्वासको मत पाएका थिए । प्रदेशको साँढे ६ वर्षमा निरन्तर सत्तामा रहेका उनी अब प्रमुख प्रतिपक्षीको कित्तामा पुग्नेछन् । प्रदेशको पहिलो कार्यकालमा २०७४ देखि ०७८ सम्म आन्तरिक ममिला तथा कानुनमन्त्री बनेका उनी २०७८ देखि २०७९ वैशाखसम्मै आर्थिक मामिला तथा योजनामन्त्री भएर काम गरे । दोस्रो कार्यकालबाट उनी मुख्यमन्त्री भए ।

कांग्रेस र एमालेलाई नचाउँदै तीनपटक विश्वासको मत लिएर १८ महिना सरकारमा रहँदै बर्हिगमनतर्फ उन्मुख जम्कट्टेलले साउन ६ गते आइतबार प्रदेशसभाबाट आगामी सरकारका लागि मार्गप्रशस्त गर्ने तयारी गरेका हुन् । तर, जम्कट्टेलले आइतबार विश्वासको मत लिन्छन् की राजीनामा दिएर मुख्यमन्त्रीको कुर्सी छोड्छन भन्ने हालसम्म निश्चित छैन । जम्कट्टेलसँग विश्वासको मत लिने र राजीनामा दिएर बर्हिगमनको बाटो रोज्नुपर्ने दुई विकल्प मात्रै छन् । केन्द्रीय सत्तासमिकरण अनुसार विश्वासको मत उनको 'मनशान्ति' का लागि मात्रै सीमित हुनेछ ।

उनीसँग विश्वासको मत पाएर सरकार टिकाउने बहुमत सांसद छैनन् । प्रदेशसभामा बहुमतका लागि ५६ सांसदको समर्थन आवश्यक छ । उनको पक्षमा आफ्नै पार्टी माओवादी केन्द्रका २१, नेकपा (एकीकृत समाजवादी)का ७ र हाम्रो नेपाली पार्टीका दुई गरी ३० सांसद मात्रै छन् । आफ्नो पक्षमा बहुमत सांसद नहुँदानहुँदै राजीनामा नदिएर जम्कट्टेल विश्वासको मत लिन अगाडि बढेका हुन् ।

बागमतीमा पछिल्लो सत्तासमीकरणमा बाहिर आएको सहमतिअनुसार नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्ने जनाइएको छ । यद्यपि, यसलाई नै अन्तिम निर्णय मान्न नसकिनेमा एमाले र कांग्रेसकै नेताहरु बताउँछन् । जम्कट्टेलले मुख्यमन्त्रीबाट बिदा भएर नयाँ सरकारको गठन प्रक्रिया अगाडि बढेसँगै सरकारको नेतृत्व कसले लिने भन्ने विषय टुंगो लाग्ने एमालेका एक सांसदले जानकारी दिए ।

११० सदस्यीय बागमती प्रदेशसभामा सरकार गठनका लागि कम्तिमा ५६ सांसदको समर्थन आवश्यक रहेकोमा कांग्रेस र एमालेसँग गरेर ६४ सांसद छन् । बागमती प्रदेशसभामा सात राजनीतिक दलको प्रतिनिधित्व रहेकोमा सबैभन्दा ठुलो दल कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ जना सांसद छन् ।

## थानाभऱ्याङमा अल्पकालीन आवासगृह

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ हेटौंडा उपमहानगरपालिका-११ थानाभऱ्याङमा घरेलु हिंसापीडित तथा प्रभावित महिला तथा बालबालिकाको लागि निर्मित अल्पकालीन आवासगृह (सेफ हाउस) उद्घाटन तथा हस्तान्तरण गरिएको छ ।

बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मुक्तानले रिबन काटेर आवासगृह उद्घाटन गरेकी हुन् । सामाजिक विकास मन्त्रालय बागमती प्रदेश सचिव बद्रीनाथ गैरेको अध्यक्षतामा भएको भवन उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा सामाजिक विकासमन्त्री मुक्तानको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा हेटौंडा-११ का वडाध्यक्ष जुना दाहाल, वडासदस्य गोपिनी सापकोटा, गीता सुनार, उपमहानगरपालिकाकी महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, सिविन बाल हेल्पलाइन हेटौंडाका प्रमुख झविन्द्र ज्ञवालीलगायतको आतिथ्यतामा भवन उद्घाटन गरिएको हो ।

## तिमल्सिनाको नेतृत्वमा प्राविधिक विभाग गठन

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ माओवादी केन्द्र निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) मकवानपुर जिल्ला कमिटी अन्तरगतको प्राविधिक विभाग मकवानपुरको शनिवार हेटौंडामा प्रथम भेला भएको छ ।

भेलाले निर्मल तिमल्सिनाको अध्यक्षतामा १५ सदस्यीय प्राविधिक विभाग गठन गरेको हो । विभागको सचिवमा सुशान्त कोइराला चयन भएका छन् । त्यस्तै सदस्यहरुमा निलम पाखिन, सुमन श्रेष्ठ, आर्यन सिंह, अनुप थोकर, मनिष बलामी, प्रमिनगोपाल श्रेष्ठ, किशोर बम्जन, मनोज रसाईली चयन भएका छन् । विभागमा पछि चारजना सदस्य मनोनित गरिने जिल्ला अध्यक्ष बुद्ध अर्यालले जानकारी दिए ।

अनुसन्धानमूलक प्राविधिक शिक्षा र शैक्षिक बेरोजगारी अन्त्यका निम्ति, प्राबिधिक विभाग भन्ने सिद्धान्त अनुरुप अखिल क्रान्तिकारी मकवानपुरले प्राविधिक विभाग गठन गरेको अर्यालको भनाइ छ । नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्री कुमारी मोक्तानले समाज रुपान्तरणका लागि



सूचना प्रविधिको भूमिका महत्वपूर्ण हुने बताइन् । मोक्तानले अबको क्रान्ति बिज्ञान र प्रविधिमा आधारित हुनुपर्ने बताइन् ।

भेलामा विशेष अतिथि नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज बिजय गौतमले उन्नत बिचार समाजमा स्थापित गर्नको लागि सूचनाप्रविधिको सहि उपयोग गर्नुपर्ने बताए । अर्का विशेष अतिथि नेकपा माओवादी केन्द्र मकवानपुर संयोजक भीम पाखिनले वर्तमान युगमा सूचनाप्रविधिको भूमिका महत्वपूर्ण भएको बताए ।

भेलामा नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटी सचिवालय सदस्य ललितबहादुर घलान, प्रदेश कमिटी सचिवालय सदस्य बीरबहादुर घलान (ज्वाला), प्रदेश कमिटी सचिवालय सदस्य सर्केश घलान, हेटौंडा उपमहानगर कमिटी अध्यक्ष तीर्थबहादुर थापामगर, अखिल (क्रान्तिकारी) बागमती प्रदेश सचिव रामकृष्ण शिवाकोटी, मकवानपुर जिल्ला उपाध्यक्ष दीपक वाइवा, निरुता पाखिन, वाईसिएल हेटौंडा-५ का अध्यक्ष हरि ढकाल, अखिल क्रान्तिकारी जिल्ला कमिटी पदाधिकारी र सदस्यहरुलगायतको आतिथ्यता रहेको थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७० % बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७







साझाकुरा

## हाम्रो कुरा

# अनुगमनमै करोडौं स्वाहा

पछिल्लो समयमा गैरप्राबिधिक ब्यक्तिले कुनै एउटा योजनाको पटकपटक अनुमगन गरेको भन्दै भत्ता खाने काम गरिरहेका छन् । जुन स्थानीय तहमा ब्यापक छ । एकैदिन धेरै योजनाको अनुगमन गर्ने र सबै योजनाको अलगअलग भत्ता खाने पनि चलन छ । अनुगमन गर्ने कुनै मापदण्ड छैन । जसलाई जस्तो मन लाग्यो गर्दा भयो । अनुगमन गर्नका लागि सम्बद्ध प्राबिधिक सदस्य पनि चाहिन्छ होला । तर, बिनाप्राबिधिक अनुगमनको काम भएको छ । बागमती प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/८१ मा अनुगमन तथा मूल्यांकनमा मात्रै ११ करोड रुपैयाँ भन्दा बढी खर्च गरेको छ । स्थानीय सरकाले बजार अनुगमन गर्दा पनि यस्तै समस्या छ । प्राबिधिक पक्ष नभइ हुल बाँधेर बजार अनुगमन गरिन्छ । त्यो पनि चाडपर्वको मौसममा । यतिबेला कुनै चाडपर्व छैन र बजार अनुगमनको काम भएको छैन । जब चाडपर्व आउँछ अनि अनुगमनको लर्को लाग्छ । प्रदेश सरकारले संचालन गरेको विभिन्न जिल्लाको योजनामा अनुगमन जाने यातायात, खाना र भत्ता शीर्षकमा यो र कम खर्च भएको हो । अनुगमनको कुनैपनि प्रतिबेदन प्रकाशनमा आएका छैनन् । यसको मतलब देखाउनका लागि मात्र अनुगमन गरिन्छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि अनुगमन मूल्यांकन खर्च शीर्षक अन्तर्गत १२ करोड ८१ लाख २६ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

विभिन्न विकासका आयोजना अनुगमनका लागि प्रदेश सरकारका निकायहरुले ११ करोड १४ लाख ८४ हजार रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जानकारी दिएको छ । यसमा स्थानीय तहको अनुगमनमा भएको खर्च समावेश गरिएको छैन । एउटै योजनामा प्रदेश सरकाको छुट्टै अनुगमन र स्थानीय तहको छुट्टै अनुगमन गरी बजेट खर्चिएको पाइएको छ । कतिपय पालिकाले दोहोरो अनुगमन खर्च गरेको र पारदर्शीता नदेखाएको पनि छन् । प्रदेश सरकारले भ्रमण खर्च अन्तर्गत २ करोड ८४ हजार रुपैयाँ खर्च गरेको छ । जसअन्तर्गत भ्रमण खर्चतर्फ विनियोजित ३ करोड ४५ लाख ५८ हजार रुपैयाँमध्ये १ करोड ९० लाख २९ हजार रुपैयाँ खर्च गरेको छ भने विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डल भ्रमण खर्च शीर्षकतर्फ विनियोजित ३४ लाख ५० हजार रुपैयाँमध्ये १० लाख १९ हजार रुपैयाँ खर्च भएको तथ्यांकले देखाएको छ । प्रदेश सरकारले सार्वजनिक तथा निजी जग्गाको भाडा बापत २९ लाख ५८ हजार रुपैयाँ खर्च गरेको छ । यो शीर्षकअन्तर्गत प्रदेश सरकारले ३५ लाख २ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । घर भाडाका लागि प्रदेश सरकारले कुल विनियोजित बजेट ११ करोड ८३ लाख ४१ हजार रुपैयाँमध्ये ९ करोड ७७ लाख ९१ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकाले आवश्यकत्ता भन्दा बढी निजी घर भाडामा लिएर कार्यालय संचालन गरिरहेको छ । प्रदेश सरकारले गठन गरेका बोर्ड, आयोजना कार्यान्वयन ईकाई, परिषद्, फाउण्डेसनलाई सम्बद्ध मन्त्रालयकै भवनमा राख्न सकिने भएपनि छुट्टै घर भाडामा लिएर कार्यालय संचालन गरेको छ । सवारीसाधन तथा मेसिनरी औजार भाडातर्फ विनियोजित ४३ लाख ९९ हजार रुपैयाँमध्ये २७ लाख ११ हजार रुपैयाँ खर्च भएको छ ।

सवारीसाधन तथा मेसिनरीऔजार मर्मत शीर्षकमा विनियोजन गरेको ३ करोड ८५ लाख ६५ हजार रुपैयाँमध्ये ३ करोड २६ लाख ५३ हजार रुपैयाँ खर्च भएको छ । प्रदेश सरकारको बिभिन्न मन्त्रालयले आवश्यकता भन्दा बढी सवारीसाधन खरिद गरेको र यसको संचालन अर्च पनि बढेको तथ्यांकले देखाएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा जम्मा ४५ अर्ब ६६ करोड ७९ लाख ९९ हजार रुपैयाँ खर्च गरेको छ । प्रदेशका १३ मन्त्रालय, संवैधानिक निकाय र मातहतका कार्यालयबाट चालु तथा पुँजीगततर्फका विभिन्न शीर्षक अन्तर्गत कुल बिनियोजित ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँमध्ये १७ अर्ब ४ करोड १० लाख ७८ हजार रुपैयाँ फ्रिज भएको छ । प्रदेश सरकारको कुल विनियोजित बजेटको २३ प्रतिशत रकम फ्रिज भएको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ । अतिआवश्यक कार्यका लागि वा खर्च नगरी नहुने शीर्षकमा भन्दा पनि अनावश्यक शीर्षकमा रकम खर्च भएको नागरिक समाजले आवाज उठाउँदै आएका छन् । महंगा होटलमा गोष्ठी र सेमिनारका लागि खर्च गर्नुको सट्टा दुर्गम क्षेत्रका बासिन्दालाई सहज हुने गरी पूर्वाधारको काम गर्नुपर्ने नागरिक समाजको माग रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ७ गते सोमबार २२ जुलाई २०२४ । प्रतिपदा, साउन कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२२, सूर्यास्त ६:५७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलोचनामा वृद्धि | तुला | : मान्यजनबाट विवाद |
| वृष | : यात्रामा अवरोध | वृश्चिक | : अहमपनले कार्यमा हानि |
| मिथुन | : व्यवसायमा सफलता | धनु | : शत्रु नाश |
| कर्कट | : मान हानिले खिन्नता | मकर | : परिवारमा कलह |
| सिंह | : धर्मकार्यमा खर्च | कुम्भ | : रोग नाश |
| कन्या | : न्यायिक कार्यमा सफलता | मीन | : अशुभ समाचार सुन्नुपर्ने |

# बैंकको घट्दो शेयर मूल्य, यसको असर र निभाउनुपर्ने भूमिका



✍ रघु विष्ट

नेपालको शेयर बजार सन् २०२१ को अगस्टमा उच्च अंकले वृद्धि भई नेप्से बजार पुँजीकरण रु. ४,४६८ अर्ब पुग्यो । सन् २०२४ जुन २४ मा आइपुग्दा घटेर रु. ३,२७६ अर्ब हुन पुग्यो । बजार पुँजीकरणको हिसाबले करिब रु. १,१९२ अर्ब गुम्न पुग्यो । तर यही बीचमा नेपाली शेयर बजारको मुख्य हिस्सा बैंकहरुको बजार पुँजीकरण २०२१ अगस्टमा रु. १६२७ अर्बबाट घटेर २०२४ जुन २४ मा आइपुग्दा रु. ८३९ अर्ब हुन पुग्यो । यो अवधिमा बैंकको बजार पुँजीकरण रकम रु. ७८८ अर्बले घट्यो । यसबाट के प्रस्ट हुन्छ भने, शेयर बजार घट्नुमा मुख्य भूमिका बैंकहरुको शेयर मूल्य घट्नु हो । किनकि नेप्सेले गुमाएको बजार पुँजीकरण रकम रु. १,१९२ अर्बको छ र बैंकले गुमाएको रु. ७८८ अर्ब छ । नेप्सेले गुमाएको बजार पुँजीकरण रकम रु. १,१९२ अर्बमध्ये बैंकहरुको कारणले ६६ प्रतिशत गुम्यो र बैंकबाहेकका अन्य क्षेत्रको कारणले ३४ प्रतिशत गुम्यो ।

बैंकहरुको आय दर घट्दै गएको छ । यसले समग्र अर्थतन्त्र र पुँजी बजारमा गम्भीर असर पारेको छ । २०८० पुस मसान्तको आधारमा बैंक खोल्नेहरुको लगानी बैंकमा करिब ७०० अर्ब पुगिसकेको छ । कुल लगानी रु. ७०० अर्बलाई नेपालको जनसंख्याले विभाजित गर्दा प्रतिनेपाली लगानी रु. २४,००१ हुन जान्छ । यति ठूलो क्षेत्रको आय घट्दा अन्य क्षेत्रको शेयर मूल्य घट्नमा पनि सहयोग गरेको छ ।

बैंकहरुको औसत आय १३-१४ प्रतिशतबाट ७-८ प्रतिशत आइपुग्दा बैंकहरुले देशको जोखिमयुक्त आयोजनाहरुमा ऋण प्रवाह गर्न घटाउँदै लगेका छन् । यसले निजी क्षेत्रले अगाडि सार्ने जोखिमयुक्त आयोजनाहरुको लागि चाहिने ऋणको व्यवस्था नहुने सम्भावना बढेको छ र देशले तीव्र रफ्तारमा विकास गर्ने सम्भावना घट्दै गइरहेको छ । बैंकहरुको करअघिको आयमा ३० प्रतिशतको दरले कर लाग्छ ।

यसबाट सरकारलाई बैंकबाट जति आयकर प्राप्त हुनुपर्ने हो त्योभन्दा आयकर रु. १५ अर्बले कम प्राप्त हुने देखिन्छ । बैंकहरुको आय (रिटर्न अन इक्युटी) ७-८ प्रतिशतमा सीमित हुँदा बैंकहरुका शेयरहोल्डरलाई कति बाँड्ने, कति कोषमा राख्ने ? बैंकहरुले नाफाबाट कोषमा राख्ने रकम कम भएमा ऋणको विस्तार गर्ने दर पनि कम हुन्छ । यसले अर्थतन्त्रको वृद्धिदर कम बनाउँछ ।

सन् २०१५/१६ को मौद्रिक नीतिमार्फत बैंकको शेयर पुँजीलाई ४ गुणा थप्ने नीति आयो । बैंकको नाफा आकर्षक नै भएर शेयर होल्डरहरुले पुँजी थपे । पछिल्ला मौद्रिक नीतिहरुमार्फत व्याजदर अन्तर ५ प्रतिशतबाट ४ प्रतिशतमा ल्याइयो । आजको मितिमा बैंकहरुको ऋण करिब ४,५०० अर्ब छ । ४,५०० अर्बको १ प्रतिशत घटदा ४५ अर्ब करअघिको आय घट्छ । यसबाट हरेक बैंकको प्रतिवर्ष कर पछिको औसत नाफा घट्ने नै भयो । यसको अलावा बैंकहरूले लिने कर्जाको सेवा शुल्क, अग्रिम भुक्तानीलगायत विभिन्न शुल्क आदिमा कटौती गर्दा बैंकहरुको आयमा थप घट्न थाल्यो । थप पुँजीअनुसार व्यापार बढाउन र ग्रामीण क्षेत्रमा पहुँच पुऱ्याउने नीतिअनुसार बैंकहरुले व्यापकरुपमा शाखा विस्तार गर्दा कर्मचारी र सञ्चालन खर्चमा वृद्धि हुन पुग्यो । बैंकहरुको नाफाको रकम अर्बमा भए पनि कमाइको दर कमजोर हुन पुग्यो । बैंकको नाफा आकर्षक हुन छोड्यो । फलस्वरूप आयदर वि.सं. २०८० चैतको तथ्यांकअनुसार करिब ८ प्रतिशतमा आइपुगेको छ । यसको असर शेयरहोल्डरको आयमा र बैंकको शेयर मूल्यमा पर्न थाल्यो । बैंकको संस्थापक शेयर रु. १०० मा पनि बिक्री हुन छाड्यो ।

भारतको वाणिज्य बैंकहरुको २०२३ को औसत आयदर १२.९३ प्रतिशत छ । डिसेम्बर २०२३ को औसत ऋणको ब्याजदर करिब ९.३२ प्रतिशत छ । सन् २०२३ मा भारतमा वाणिज्य बैंकहरुको आयदर ती बैंकहरुको ऋणमा लिने ब्याजदरभन्दा १.३८ गुना बढी छ । चीनको बैंकहरुको पछिल्लो तथ्यांकअनुसार औसत आयदर ९.४३ प्रतिशत छ । त्यहाँका बैंकहरुले राम्रा ग्राहकलाई ऋणमा लिने ब्याजदर ३.४५ प्रतिशत छ । यसको अर्थ चीनमा वाणिज्य बैंकहरुको आयदर ती बैंकहरुको ऋणमा लिने ब्याजदर भन्दा २.७३ गुना बढी छ । नेपालका बैंकहरुको पुस २०८० को औसत आयदर करिब ८.८ प्रतिशत र बैंकहरुले ऋणमा लिने ब्याजदर ११.१ प्रतिशत छ । नेपालमा उल्टो स्थिति भइसक्यो । बैंकहरुले लिने औसत ऋणको ब्याजदरभन्दा बैंकहरुको औसत नाफा दर कम भयो ।

नेपालमा बैंकहरुको शेयर संख्या थप्ने कार्यमा राष्ट्र बैंक व्यवस्थापन, पत्रपत्रिका, शेयर लगानीकर्ता सबै लागेका छन् । भारतको स्टेट बैंक अफ इन्डियाको शेयर पुँजी नेपाली मूल्यमा करिब रु. १६ अर्ब मात्र छ र निक्षेप नेपाली मूल्यमा रु. ७२,४९९ अर्ब छ । तर हाम्रो ठूलो बैंक ग्लोबल आईएमई बैंकको शेयर पुँजी रु. ३६ अर्ब छ र कुल निक्षेप ४६२ अर्ब छ । स्टेट बैंक अफ इन्डियाको कुल निक्षेप ग्लोबल आईएमई बैंकको भन्दा १५६ गुना बढी छ तर स्टेट बैंक अफ इन्डियाको शेयर पुँजी ग्लोबल आईएमई बैंकको आधाभन्दा पनि कम छ । अब शेयर मूल्य पनि हेरौं । सन् २०२४ जुन २४ मा भारतीय स्टेट बैंक अफ इन्डियाको नेपाली मूल्यमा रु. १.६० (एक रुपियाँ साठी पैसा) मूल्यको शेयर को बजार मूल्य नेपाली मूल्यमा रु. १,३३३ छ । जबकि नेपालको ठूलो बैंक ग्लोबल आईएमईको मिति २०२४ जुन २४ मा रु. १०० नेपाली मूल्यको शेयरको बजार मूल्य रु. १७५ छ । शेयर पुँजी थप्दै जाने, आयदर घट्दै जाने भएमा नेपाली बैंकको शेयरको मूल्य के होला ?

देशको बैंक नामको गाउँलाई कमजोर बनाएर उद्योग र व्यापार नामको गाउँलाई बलियो बनाउन सकिएला ? रु. ७०० अर्ब पुँजी लगानी गर्नेको आय कमजोर बनाएर देशका उद्योगी र व्यापारीले उत्पादन गरेको वस्तु तथा सेवाको माग बढ्ला ? बैंकको शेयरमा लगानी गर्ने लाखौं नेपालीलाई वस्तु तथा सेवा किन्न नसक्ने बनाउँदा उद्योगी र व्यापारीको सामान बिक्ला ? बैंकको शेयरमा प्रतिनेपाली औसत शेयर पुँजीमा लगानी नै करिब रु. २४,००१ भएको बैंकिङ क्षेत्रलाई कमजोर बनाउँदा अर्थतन्त्रको वस्तु तथा सेवाको मागको स्थिति कस्तो होला ? यी प्रश्नहरुले उत्तर मागिरहेका छन् । बैंकहरुले न्यूनतम कमाउनुपर्ने आयदर (पुँजीको अवसर लागत) भन्दा पनि कम आय आर्जन गर्ने र यसैको कारणले उद्योग, व्यापार क्षेत्रको यदि आय बढ्न गएमा समग्र अर्थतन्त्रमा के फरक पर्दछ त ? यसको मतलब बैंकको लागतमा ऋणीहरुको आय बढेको मात्र हुन्छ । बैंकले लिएको जोखिमको मूल्य खोइ ?

बैंकहरुको आय सुधार्नु नेपालमा राष्ट्रिय बाध्यता बनेको छ । नेपाल राष्ट्र बैंकले हाम्रो अर्थ व्यवस्थाको अवस्था हेरेर बैंकको औसतमा आदर्श नाफा दर कतिभन्दा माथि हुनुपर्दछ, त्यो थाहा पाउनुपर्दछ । यस्तोमा बैंकको औसतमा आदर्श नाफा दर औसत ऋणको ब्याजदर, सेवा शुल्क आदिको लागतभन्दा कम्तीमा ४-५ प्रतिशत माथि हुनुपर्दछ । त्यसो गर्दा राष्ट्र बैंकलाई मौद्रिक नीति बनाउन सजिलो हुन्छ । उद्योगी-व्यापारी ऋणीहरुले पनि बैंकको विरोध गरिरहनुपर्दैन । यसको लागि राष्ट्र बैंकले ब्याजदर अन्तर र बैंकको सेवा शुल्कहरुलाई विश्लेषण गरेर सच्याउनुपर्दछ । उद्योगी, व्यापारी र नीति निर्माताहरुले पनि यसमा साथ दिनुपर्दछ । बैंक प्रवर्द्धनमा भूमिका खेल्नुपर्दछ । सरकारले बैंकको लागि लाग्ने ३० प्रतिशतको उच्च नाफा करको दरलाई अन्य उद्योग व्यवसायसरह २५ प्रतिशत घटाएर पनि बैंकलाई न्याय दिनुपर्दछ । कमजोर नाफा भएको क्षेत्रलाई किन उच्च कर ? नेपालमा बैंकको प्रतिशेयर आम्दानीको सट्टा वित्तीय प्रतिवेदनमा आयदर (रिटर्न अन् इक्युटी) को प्रयोग गर्नुपर्दछ । यसो गर्दा बैंकको आयको दर सबैलाई जानकारी हुन्छ र बैंकको विरोध हुन पनि बन्द हुन्छ । बैंक पनि नाफाको लागि निजी क्षेत्रबाट जोखिम मोलेर खोलिएको सेवा उद्योग हो । यसलाई राष्ट्र बैंक, सरकार, उद्योगी, व्यापारी सबैको सहयोग र समन्वयमा प्रवर्द्धन गरी समग्र राष्ट्रिय हित मजबुत गर्नुपर्दछ ।

बैंकले न्याय पाए समग्र बैंकको शेयर पुँजीकरणमा भएको रु. ७८८ अर्बको नोक्सानी उठ्छ र पुँजीबजारको भलो हुन्छ । लाखौं लगानीकर्ताको खर्च क्षमता बढ्छ र अर्थतन्त्र चलायमान हुन्छ । त्यस्तै बैंकको शेयर थप्दै गएर बैंकलाई पुँजीको भारले थिच्ने बनाउने कार्यमा बैंकका ठूला लगानीकर्ता, राष्ट्र बैंक, धितोपत्र बोर्डजस्ता निकायले ध्यान दिनुपर्छ । बैंकहरुले पनि निक्षेपको ब्याज दर असन्तुलन हुने गरी बढाउन भने हुँदैन । बैंक देश विकासको लागि जग हो । बैंकबाट आज जनताले कति फाइदा पाइरहेका छन् भन्ने पक्षलाई राष्ट्र बैंक, उद्योगी र व्यापारीले निरन्तर प्रचार गर्नुपर्छ । खास गरी उद्योगी, व्यापारीको प्रभाव ठूलो छ । बैंकप्रतिको सकारात्मक प्रचार गरेर, ऋण तिर्ने अभियान चलाएर बैंकलाई बलियो बनाउन भूमिका खेल्नुपर्छ । बैंकको कमजोर आयदरले नेपालको शेयर बजारको रौनक नै हरायो । त्यसैले यसलाई जोगाउन ढिलो नगरौं ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सानो उमेरमै यौन सम्पर्क : अध्ययन गर्नुपर्ने एउटा सामाजिक प्रश्न

✍ डा. विवेककुमार लाल

किशोर-किशोरी उमेर सबैभन्दा चुनौतीपूर्ण अवस्था हो । विश्व स्वास्थ्य संगठनका अनुसार किशोरावस्था भन्नाले १० देखि १९ वर्षको उमेर समूहलाई जनाउँछ । यस समयमा मानसिकसँगै शारीरिक विकास भइरहेको हुन्छ । यसबेला बाल्यकाल र वयस्कको बीचको समयमा हुने भएकाले आफूमा हुने परिवर्तनलाई कसरी सहज रूपमा लिने, बुझ्न भन्न गाह्रो हुन्छ । किशोर-किशोरी समयमा यौन, यौनिकताको पनि विकास हुन्छ । कुन कुरा सही-गलत हो ? आफूमा आएको यौनको संवेग कसरी नियन्त्रण गर्ने ? भन्ने उनीहरूलाई चुनौती हुन्छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएचएस) २०२२ ले १५ देखि १९ वर्ष उमेर समूहका १४ प्रतिशत किशोरीहरू गर्भवती हुने गरेको देखाएको छ । त्यसमध्ये सबैभन्दा धेरै कर्णाली प्रदेशमा छ । कर्णालीमा २१ प्रतिशत र मधेश प्रदेशमा २० प्रतिशत यो उमेरका किशोरी गर्भवती हुने गरेका छन् । बालविवाहको तथ्यांक पनि डरलाग्दो छ । ३ प्रतिशत किशोरीहरू र १ प्रतिशत हाराहारी किशोरले १५ वर्षको उमेर नपुग्दै विवाह गर्ने गरेका छन् । १५ वर्ष नपुग्दै वा १५ वर्ष उमेर हाराहारीमा २ प्रतिशत किशोर र किशोरीले यौनसम्पर्क गरिसक्ने सर्वेक्षणले देखाएको छ ।

बालविवाह र कलिलै उमेरमा गर्भवती हुने संख्या लक्ष्य अनुरूप घटाउन सकिएको छैन । विद्यालय अध्ययन गर्ने किशोर-किशोरीलाई मध्यनजर गर्दै सरकारले बृहत् यौनिकता शिक्षा लागू गरेको छ । तर पछिल्लो समय यस विषयलाई ऐच्छिक बनाउँदा यौन शिक्षा लिनबाट किशोरकिशोरी वञ्चित भएका छन् । विद्यालयका किशोर-किशोरी लक्षित यस प्रकारका शिक्षा, सूचना र जानकारीले उनीहरूको समग्र शिक्षा सिकाइ र स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । यौन र यौनिकताका विषयमा सही निर्णय लिन, प्रजनन् स्वास्थ्यका बारेमा ज्ञान प्राप्त गर्न र सामाजिक समस्या समाधान गर्न पनि त्यस्तो शिक्षाले सहयोग पुग्नेथियो ।

यस्तो शिक्षाले यौनिक जीवनलाई स्वस्थकर बनाउन, एचआईभी, यौन संक्रमण, अनिच्छित गर्भधारण, हिंसायुक्त यौनिक व्यवहार तथा यौनिक दुर्व्यवहार घटाउन सहयोग गर्छ । यस्तै कम उमेरमा विवाह हुन नदिन तथा सन्तान नजन्माउन, जन्मान्तर कम गर्न, व्यवस्थित परिवार योजना बनाउन, परिवार नियोजनका साधनको प्रयोग र पहुँच बढाउन पनि मद्दत गर्नेछ । बृहत् यौनिकता शिक्षा लागू भइरहँदा केही हदसम्म न्यूनीकरणको प्रयास गरेको थियो । तर यस विषयलाई ऐच्छिक बनाएपछि हाम्रो प्राथमिकता कता गयो भन्न सकिएन । प्रभावकारी शिक्षाको अभावमा धेरै असरहरू देखिन्छन् । किशोरी अवस्थामा गर्भवती हुँदा बच्चा र आमाको मृत्युदर बढी हुन्छ । बच्चाहरू पनि समय नपुगेर कम तौलको जन्मिने, शारीरिक, मानसिक विकास हुने सम्भावना कम हुन्छ ।

किशोरी उमेरमा बिहे हुँदा उनको जीवन नै अस्तव्यस्त हुन्छ । अध्ययनलाई निरन्तरता दिन सक्दिनन् । बच्चा जन्माएर घरमै बस्नुपर्ने बाध्यताले श्रीमान् वा परिवारकै भरमा बाँच्नुपर्ने हुन्छ । अध्ययनले पनि यस्ता किशोरीमाथि श्रीमान्बाट यौन शोषण भइरहने र घरपरिवारबाट श्रम शोषण उच्च हुने देखाएको छ । हरेक विषयमा अरूमाथि निर्भर हुनुपर्ने भएपछि किशोरीले आफ्नो प्रजनन् स्वास्थ्य, सन्तान नजन्माउन वा बालबालिकाप्रति गरिने निर्णयका लागि स्वतन्त्र हुँदिनन् । जसका कारण सन्तानको जीवनमा पनि नकारात्मक असर परिरहेको हुन्छ ।

हामीले २० वर्ष नपुगी बिहे गर्न नहुने कानुन त निर्माण गऱ्यौं, तर यसको पालना गर्ने वातावरण किन भइरहेको छैन भनेर मसिनो गरी कारण खोज्न सकेनौं । बिहेवारी २० पारि भन्न थालेको पनि वर्षौं भइसक्यो । तर अहिलेसम्म पनि ठूलो संख्यामा बालविवाह भइरहेको छ र किशोरीहरू गर्भवती भइरहेका छन् भन्ने तथ्यांकले देखाउँछ । अहिले यो विषय सामाजिक प्रश्नको रूपमा उब्जिएको छ । किशोर-किशोरी किन चाँडै बिहे गर्ने निर्णयमा पुग्छन् वा समाजबाटै यसमा किन प्रोत्साहन मिलिरहेको छ भनेर खोज्ने बेला भइसकेको छ । यस विषयलाई हामीले समयमै सम्बोधन नगर्ने हो भने किशोरी झन् पीडामा पर्दै जान्छन् ।

किशोरी उमेरमै जन्माएका बच्चाको स्थानीय तहले जन्मदर्ता नगरेका गुनासो आजभोलि धेरै सुनिंदै आएको छ । जन्मिसकेको बच्चाको अस्तित्व त स्वीकार नगर्ने भन्ने हुँदैन होला । हामी कहाँ चुकिरहेका छौं, त्यसको खोजी स्थानीय तवरबाट गर्नुपर्ने देखिन्छ । कानुनले एक हदसम्म बालविवाहलाई निरुत्साहित गरेको छ । तर प्रेम, भागी, अनौपचारिक विवाह त भइरहेका छन् । विवाह नै नभइकन पनि गर्भवती, गर्भपतन गराउने किशोरीको संख्या झन् बढ्दो छ । यसलाई सामाजिक प्रश्नको रूपमा लिएर कारण पत्ता लगाउने कोसिसमा जुट्नुपर्छ । मेरो विचारमा यस विषयमा दण्ड दिने भन्दा पनि किशोरीलाई सहयोगको खाँचो छ । यो अवस्था आउन नदिन हामीले आफ्नो दायित्व पूरा नगरेको स्पष्ट छ ।

विद्यालय तहमा किशोरीलाई यौनिकताको बारेमा सही सूचनाको अभाव भइरहेको छ । किशोरी समयमा हुने, शारीरिक, मानसिक विकासको बारेमा बुझाउने, सानै उमेरमा यौन सम्पर्क हुँदा हुने असर, सुरक्षित यौन सम्पर्क कसरी गर्ने, आवश्यकता परेमा स्वास्थ्य संस्थामा कसरी सेवा लिने ? यस्ता विषयमा न्यून काम भएको छ । सधैं नै किशोरकिशोरीलाई सही परामर्शको खाँचो हुन्छ । उनीहरूले खोजेको सूचना र चाहेको जानकारी हामीले दिनसकेका छैनौं । विद्यालयमा शिक्षकले बुझाउन सकेका छैनन् । घरपरिवार, समाजमा यौनलाई नकारात्मक दृष्टिकोणले हेर्ने गरिन्छ । यसका कारणले किशोर किशोरीले खुलेर घरपरिवारका सदस्य र साथीभाइलाई आफ्ना जिज्ञासाहरू भन्न डराउँछन् ।

कर्णाली, मधेश लगायत प्रदेशका कतिपय ठाउँमा छिट्टै छोरीको विवाह नगर्दा भागेर विवाह हुने हो कि ? यसो हुँदा भोलि कुलको इज्जत जान्छ कि भन्दै प्रतिष्ठा जोगाउने हिसाबले पनि बालविवाह गरिदिने चलन छ । बालविवाहको सांस्कृतिक पाटो पनि उत्तिकै बलियो छ । विशेषगरी डोम, मुसहर, चमार समुदायमा १२-१३ वर्ष नपुग्दै विवाह गरिदिने चलन अझैसम्म छ । यसरी समाजको ठूलो हिस्साले नै बालविवाहलाई प्रोत्साहन, संरक्षण गरिरहेको अवस्थामा कानुन मात्रै बनाएर यो रोक्न सकिँदैन । यो अवस्था कायमै रहने हो भने सन् २०३० सम्म प्रतिहजार किशोरीको प्रजनन् दर ३० झार्ने लक्ष्य पूरा गर्न नसकिने प्रष्ट छ ।

**कहाँ भयो कमजोरी ?**

समुदायस्तरमा स्वास्थ्य सेवा क्रमशः कमजोर बन्दै गएको छ । पहिला-पहिला समुदायमा काम गर्ने सामुदायिक स्वास्थ्य कार्यकर्ता (मातृशिशु कार्यकर्ता, ग्रामीण स्वास्थ्य कार्यकर्ता) भन्ने पद नै हुन्थ्यो । उहाँहरूको काम महिनामा २० दिन गाउँघरमा गएर बालबालिकालाई खोप दिने, परिवार नियोजनको साधन बाँड्ने, जीवनजल, भिटामिन 'ए' खुवाउने लगायतको कार्यतालिका हुन्थ्यो । अहिले उहाँहरूको बढुवा गरेर अनमी, अहेब बनाइयो । त्यसपछि उहाँहरू पनि फिल्डमा जाने नभएर स्वास्थ्य संस्थामा बस्न थाल्नुभयो । अहिले हामीलाई समुदायमा परिचालन हुने स्वास्थ्यकर्मीको अभाव छ । ५२ हजारको हाराहारी महिला स्वयंसेविका हुनुहुन्छ । तर, क्रमशः उहाँहरूको प्रभावकारितामा प्रश्न उठ्दैछ । विशेष गरेर शहरी क्षेत्रमा एकदमै चुनौतीपूर्ण अवस्था छ । शहरी क्षेत्रमा कसैले पनि महिला स्वयंसेविकाको अनुहार देखेको हुँदैन ।

समुदायस्तरसम्म स्वास्थ्यको बारेमा सेवा दिन नसक्दा थप चुनौती थपिएका छन् । किशोर-किशोरी सबैभन्दा बढी समय विद्यालय र साथीहरूसँग बिताउँछन् । किशोरीको समस्या समाधान गर्न विभिन्न प्रयास पनि नभएका होइनन् । तिनले खासै नतिजा दिएनन् । जस्तो कि विद्यालयमा 'साथी शिक्षा' भनेर ८ देखि १० कक्षाका विद्यार्थीलाई तालिम दिने र त्यसपछि उहाँहरूले अन्य साथीलाई सिकाउने कार्यक्रम गरियो । साथ-साथै जनसंख्या तथा स्वास्थ्य पढाउने शिक्षकलाई पनि तालिम दिइयो । त्यो कार्यक्रमले एक हदसम्म राम्रो नतिजा पनि ल्याएको थियो । तर त्यसलाई दिगो बनाउन सकिएन ।

अहिले विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालनमा छ । तर देशव्यापी रूपमा यो कार्यक्रमलाई अझै विस्तार गर्न सकिएको छैन । स्वास्थ्य संस्थामा पनि किशोर-किशोरी मैत्री सेवा दिने भनेर अभियान पनि सञ्चालन भयो । तर यसलाई पनि राम्रो हिसाबले सञ्चालन गर्न सकिएको छैन । अझै पनि किशोर-किशोरीले यौन सेवा लिन जाँदा स्वास्थ्यकर्मीले हेर्ने नजर पनि फरक छ । त्यसैले उनीहरूले नजिकैको स्वास्थ्य संस्थामा सेवा लिन अप्ठ्यारो मान्छन् । देश संघीयतामा गइसकेपछि यस सम्बन्धमा जुन हिसाबले नियमित रूपमा प्रयास हुनुपर्ने हो, हुनसकेको छैन ।

*(साभार: अनलाइनखबर)*

# तुलसी घिमिरेको गजल संग्रह 'घामका फूलहरु' विमोचन

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ मकवानपुरका अग्रज साहित्यकार तुलसी घिमिरेद्वारा लिखित गजल संग्रह 'घामका फूलहरु' शनिबार हेटौंडामा विमोचन भएको छ ।

गजल मञ्च मकवानपुरको आयोजनामा २१५ औं गजलयात्राका साथ घिमिरेद्वारा लिखित गजल संग्रह विमोचन गरिएको हो । मञ्चका अध्यक्ष केशव समर्पण, मकवानपुरका अग्रज शिक्षासेवी तथा अग्रज सञ्चार उद्यमी देव श्रेष्ठ, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिललगायतले पुस्तकको लोकार्पण गरेका हुन् । गजल मञ्च मकवानपुरले प्रकाशन गरेको संग्रहमाथि समिक्षक घनश्याम घिमिरेले टिप्पणी गरेका थिए ।



कार्यक्रममा साहित्यकार स्वस्तिका दाहाल, सञ्जित श्रेष्ठ, हरि पौड्याललगायतले घिमिरेद्वारा लिखित गजल संग्रहबाट गजलवाचन गरेका थिए । समीक्षक घिमिरेले घामका फूलहरुको समीक्षा गर्दै पाको उमेरका लेखकले युवा जस्तै जोश जाँगरसहितको गजल लेखेको बताए । लेखक घिमिरेले आफ्ना जीवनमा अनुभूत गरेका, देखेका विषयलाई गजलमार्फत सचित्र वर्णन गर्न सफल भएको उनले प्रतिक्रिया दिए ।

२०११ फागुन १५ गते बर्माको होम्लिनमा जन्मिएका लेखक घिमिरेका यसअघि फूलका कुरा जूनका कुरा गीत संग्रह २०७१ र माटोको मोह कविता संग्रह २०८० प्रकाशित छ । गजल संग्रहको रुपमा घिमिरेको पहिलो कृति हो । उनको संग्रहमा ७० वटा गजल समेटिएका छन् । साहित्यकार देवराज तिवारीले घिमिरेको संग्रहमा भूमिका लेखेका छन् ।

२१५ औं गजलयात्राका सन्दर्भमा गजलकार मुस्कान तिमल्सिना, मिथिला अधिकारी, डिबी बर्तौलालगायतले गजलवाचन गरेका थिए । गजलको उन्नयन र प्रवर्द्धनमा काम गरिरहेको गजल मञ्च मकवानपुरले हरेक महिना गजल यात्राको आयोजना गर्दै आइरहेको छ । गजलउत्सव तथा महोत्सवका साथै विद्यालय तहमा गजल प्रशिक्षणको कार्यक्रमसमेत गर्दै आएको मञ्चका अध्यक्ष समर्पणले जानकारी दिए ।




**अग्रज साहित्यकार निखिल पुरस्कृत** : साहित्य सेवामार्फत् समाजमा महत्वपूर्ण योगदान पुऱ्याएबापत साहित्यकार निमेस निखिललाई लोककवि गणेशलाल श्रेष्ठ स्मृति साहित्य पुरस्कार-२०८१ प्रदान गरिएको छ । शनिबार हेटौंडामा आयोजित एक कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वार्ड नं. २ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनले साहित्यकार निखिललाई पुरस्कार प्रदान गरेका हुन् । *तस्वीर : साझाकुरा*

# किन चलेनन् 'मेगास्टार' अनमोल केसी ?

'फर्की फर्की' चलेन । 'छड्के-२' चलेन । 'क्याप्टेन' चलेन । 'ए मेरो हजुर-४' चलेन । 'कृ' चलेन । आखिर किन चलेनन् 'मेगास्टार' अनमोल केसी ?



नितान्त व्यक्तिगत जस्तो लाग्ने यो प्रश्नले कसरी 'स्टारडम'को विनिर्माण हुन्छ र कहाँ पुगेर त्यो प्रत्युत्पादक हुन्छ भनी खोतल्छ । त्यसैले यो प्रश्न अनमोल केसीभन्दा बढी ती फिल्ममेकरसँग सम्बन्धित छ, जो 'स्टारडम'को आडमा सिनेमा बनाउन तम्सिन्छन् । किनभने यो प्रश्नसँग नेपाली सिनेमाको भरोसा र भविष्य जोडिएको छ । एउटा सिनेमा बनिरहँदा त्यसमा ५०-६० जनाको जम्बो समूह समर्पित र आश्रित हुन्छन् । पटकथाको अवधारणा सुन्न-बुझ्नदेखि प्रचार-प्रसारको तामझाममा लाग्दासम्म तिनीहरूले दुई-चार जोर जुत्ता भ्वाङ पारिसकेका हुन्छन् । त्यो श्रम, समय र सपनाको भर्पाई कसरी हुनसक्छ ?

यो प्रश्नसँग नेपाली सिनेमाको अर्थचक्र जोडिएको छ । देशभर १६० सिनेमाघर सञ्चालनमा छन् । त्यसका सीमित पर्दामा नेपाली सिनेमाले सीमित शो पाउँछन् । डिजिटल र ओभरसिज बजार आफैंमा भरपर्दो छैनन् । यति नाजुक बजारबाट लाभांश उठाउनु एउटा जोखिम छँदैछ । अर्को जोखिम, भएका आंशिक दर्शक पनि तितरवितर हुनेछन् । सिनेमाघरको सिट रित्तिँदै जानेछन् । यो रिक्त विश्वासको पदस्थापन कहाँबाट हुनसक्छ ? अनमोल केसीको पछाडि जुन निराशाजनक शृंखला छ, त्यो उनको सफलता र असफलताको जोडघटाउ मात्र होइनह बरु नेपाली सिनेमाका लागि 'चेतावनीको घण्टी' हो ।

### अनमोलको सानदार उदय र स्टारडम

अनमोलले 'फर्की-फर्की' बाट ५० लाख रुपैयाँ पारिश्रमिक लिएको सबुत पेश गरिरहँदा उक्त सिनेमा हलबाट पाखा लागिसकेको थियो । सबुतले देखाउँछ, उनले आफ्नो पारिश्रमिकबापत ७ लाख ५० हजार त सरकारलाई कर तिरे । यहाँ हिसाबकिताब कस्तो देखिन्छ भने अनमोलले जुन पारिश्रमिक प्राप्त गरे, त्यो अहिले नेपालमा बनिरहेको चलचित्रको एक तिहाइ बजेट हो । उनले जति कर तिरे, त्यो अहिले चल्तापुर्जा अभिनेताले माग गर्ने पारिश्रमिक हो । अब अनमोल अभिनित सिनेमाको घनत्व, बक्स अफिस कलेक्सन र उनको मूल्यको अनुपात कति तल-माथि छ ? यसको साक्षी र जवाफ दुवै दर्शक हुन् ।

अहिले चल्तीका अभिनेता दयाहाङ राई वा एकताकाका 'हटकेक' राजेश हमालले कहिल्यै यति ठूलो रकम पारिश्रमिक लिएको खुलाएका छैनन् । यसको सोझो बुझाइ के भने, आजको मितिसम्म अनमोल नै सर्वाधिक महँगा अभिनेता हुन् । तर, के यो पत्यारलाग्दो छ ? त्यसबेला पत्यारलाग्दो थियो, जतिबेला अनमोलको सानदार पदार्पण हुँदैथियो । होस्टल, जेरी हुँदै ड्रिम्ससम्म आइपुग्दा उनको लोकप्रियताको ग्राफ निरन्तर आकाशियो । यसमा उनका लागि दुई वटा कुरा दाहिना भए । एक, भुवन केसीको रहस्यमयी पुत्र । दुई, किशोर पुस्ताका सुकुमार प्रतिनिधि । हलक्क बढेका, लजालु स्वभावका, १९ वर्षे सुकिला किशोर 'हिरो' बनेर त्यहीबेला देखापरे, जतिबेला सिनेमामा उनका बुवा पुस्ताको ह्याङओभर मत्थर हुँदैथियो । अंकल पुस्ताकै रहलपहल कथा र अंकल पुस्तालाई नै हिरोको रूपमा हेर्ने दर्शक पातलिँदै थिए । अनि सोसल मिडियासँगै हुर्किएका 'जेन जेड' पुस्ता सिनेमा घरमा आफ्नो अस्तित्व र उपस्थिति खोजिरहेका थिए । त्यही रिक्तता पूरा गर्न आइपुगे, अनमोल केसी ।

जेन जेडका लागि यो एक रोमाञ्चकारी सौगात थियो । उनीहरूले खोजे जस्तै कथा र रोजे जस्तै पात्र अब सिनेमा घरहरूमा आइसकेका थिए । मिलेनियल्स र जेन जेड जस्ता दुई पुस्तालाई छुट्याउने समयको ट्रान्जिटमा जसरी अनमोलको पदार्पण भयो, त्यसले उनको स्टारडम निर्माण गरिदियो ।

नेपाली फिल्म भन्नासाथ नाक खुम्च्याउने ठूलो जमातलाई अनमोलले हलसम्म डोऱ्याए । फिल्म कसले बनाएको वा कस्तो बनाएको भन्नेमा उनीहरूलाई खास मतलब हुँदैनथ्यो, किनभने उनीहरू अनमोललाई हेर्न चाहन्थे । अनमोल, यति नै काफी थियो सिनेमा घरको सिट हराभरा हुनलाई ।

### अनमोलको ओरालो ग्राफ

माघ अन्तिम साताको बिहानीपख । शहर राम्ररी तंग्रिएकै थिएन । सिनेमा हलका सिटहरू प्लस टु पुस्ताले भरिँदै थियो । त्यहाँ फिल्म 'कृ' सार्वजनिक हुँदैथियो र उनीहरू आफ्ना प्रिय नायकको 'फर्स्ट शो' हेर्न हतारिएका थिए । तर, हलबाट बाहिरिँदै गर्दा त्यो तीव्र उत्साह उस्तै रहेन । यही मोड हो, जहाँबाट अनमोलको ओरालो यात्रा सुरु हुन्छ ।

त्यसपछि प्रदर्शनमा आएका फिल्महरूले उनलाई आफ्ना छिमलका दर्शकहरूबाट क्रमश: विच्छेद गर्दै लग्यो । उनको स्टारडमको जलप फिक्का हुन थाल्यो । जबकि फिल्मका लागि अनमोलले गर्नसम्म दु:ख गरेका थिए । जीम धाउने, ज्यान बनाउने, मार्शल आर्ट खेल्ने, फुटबल सिक्ने सबै गरेका थिए । तर, उनको मिहिनेत एकातिर र नतिजा अर्कैतिर भयो । यही नै एउटा भूल भयो ।

अनमोलका पछिल्ला फिल्महरू हेर्दै जाँदा यस्तो लाग्छ उनी जे थिए, त्यो खोजिएन । उनीमाथि त्यो खोजियो, जो उनी थिएनन् । अर्थात् अनमोलको चरित्र निर्माण हाइब्रिड गरियो । हाम्रा फिल्ममेकरले अनमोललाई कहिले लाहुरे बनाए, कहिले भरिया । कहिले गुण्डा नाइके बनाइए, कहिले फूटबल क्याप्टेन । हुलिया र भावभंगीले त उनी सबैथोक भइदिए । तर, ती फरक पात्रको अनुभव र अनुभूतिभित्र उनलाई बाँच्ने मौका दिइएन । त्यही कारण उनको अभिनयमा क्यारिकेचर बढी र जीवन कम भयो ।

अनमोल त्यो समयका प्रतिनिधि हुन्, जोसँग समाज र यसका आयामहरूलाई बुझ्नुपर्ने बाध्यता छैन । उनले हलो जोत्ने केटाको थकान आफूभित्र महसुस गर्नुपर्दैन । उनले फुटपाथमा चप्पलको दोकान फिंजाएर बस्ने युवाको बाध्यता आफूभित्र समेट्नुपर्दैन । उनले रत्नपार्क-बानेश्वर भन्दै बसको ढोकामा उभिएर यात्रु बोलाउने सह-चालकको हतारो आफूभित्र सँगाल्नुपर्दैन । किनभने उनी इन्स्टाग्रामको सेरोफेरोमा र माइहिंड्ने पुस्ता हुन्, जसको समाजसँग एक किसिमको दूरी छ ।

समाजमा त आफन्त छन्, पराइ पनि । सहजता छन्, कठिनाइ पनि । खुसी छन्, दु:ख पनि । मिलन छन्, वियोग पनि । तर, अनमोलको दुनियाँमा यस्तो बाङ्गोटिङ्गो धरातल छैन । त्यहाँ सबै कुरा चिरिच्याट्ट देखिन्छन् ।

चहकिला-सुकिला लुगाफाटो, रसिला-स्वादिला खानेकुरा, झरिला-भरिला ज्यान । ऐस-आरामको जिन्दगी । उनीहरूले भुइँ छोएका छैनन्, तर आकाशमा उडेका छन् । उनीहरूको संसार फराकिलो र मिजासिलो छ । त्यहाँ उनीहरू सौन्दर्यको परख त गर्छन् तर मोटो-दुब्लो, अग्लो-होचोको भेद गर्दैनन् । विविधतालाई स्वीकार्छन् र सुखहरू साट्छन् । किनभने उनी जेन जेड पुस्ता जो परे । फिल्ममेकरले अनमोललाई बुझेनन्, अनमोलले समाजलाई । काँचो माटो र ढुंगा दुवैबाट मूर्ति बनाउन सकिन्छ । तर, यसमा एकैनासको सीप र कुशलताले काम गर्दैन । काँचो माटोलाई मुछेर एउटा आकृतिमा तयार गर्न सकिन्छ । ढुंगाबाट सोही आकृति बनाउन परेमा के गरिन्छ ? त्यसका ती भागहरू टुक्राउने र हटाउने गरिन्छ, जो आवश्यक छैन ।

### कहाँ चिप्लिए अनमोल ?

स्टार पुत्र हुनुको फाइदा छन्, बेफाइदा पनि । दुवैको सग्लो प्रमाण हुन्, अनमोल । जतिबेला अनमोल फिल्ममा डेब्यु गर्दैथिए त्यसबेला उनको पछाडि जोडिने एउटै विशेषण थियो, 'भुवन केसीका छोरा ।' आफ्नो जमानाका लोकप्रिय नायकको छोरा भएकै कारण दर्शकमा अनमोलप्रति सम्मोहन र उत्सुकता बढ्यो । पिताको राप र तापले उनको स्टारडम निर्माण गरिदियो ।

तर, यसको साइड इफेक्ट पनि उनीमाथि परेको छ । किनभने मान्छेले अनमोलको मिहिनेत र संघर्षलाई त्यही सतहबाट मूल्यांकन गर्छन्, जहाँ भुवन उभिएका छन् । भुवनको कदले उनलाई छायाँमा पारिरहन्छ, जहिले पनि । यी दुवै नाफा-नोक्सानको हिसाबकिताब गर्नै पाएनन् अनमोलले ।

उनलाई 'मेगास्टार' बनाउने अघिल्ला चार फिल्म पनि उति गतिलो थिएनन्, जहाँ उनको अभिनयले कुनै गुरुत्वबल पैदा गरेको होस् ! तर, पूर्वार्द्धको सफलताले उनलाई भ्रमित बनाइदियो । त्यही सफलताको ट्याग जोगाउन अनमोलले होशियारी अपनाए, जुन जरूरी भन्दा बढी बेकार थियो ।

एउटा तहमा उक्लिए पछि उनले आफूलाई समाजसँग जोड्नुपर्थ्यो, विच्छेद गर्ने होइन । समाजको साझेदार बन्नुपर्थ्यो, दुर्लभ बन्ने होइन । समाजको गहिराइमा पुग्नुपर्थ्यो, अग्लाइमा उभिने होइन । तर, उनले गलत मार्गदर्शन पाए । अनि आफ्नो 'स्टारडम' जतन गर्न सकेसम्म समाजसँग टाढै बस्न खोजे । त्यसैले उनमा समाजका आयामहरू संग्रहित हुन पाएनन् ।

समाज र त्यसका अवयवहरू आफैंमा समृद्ध पाठशाला हुन् । अस्पतालको शय्यामा मृत्युसँग जुधेर बाँच्न घिटघिटो बोकेका बिरामीको आशा, एक छाक भोक मेट्नका लागि रापिलो घाममा घण्टौंसम्म श्रम गर्ने मजदुरको संघर्ष, अनायास बम्पर उपहारमा करोडौं नगद पाएपछि मध्यम वर्गीय व्यक्तिमा छाएको उन्माद । यी सबै भावभंगी, अनुभव र अनुभूतिको स्रोत समाज हुन् ।

त्यहाँ अनेक रंग हुन्छ- वर्गको, जातको, भेगको, आस्थाको । त्यहाँ अनेक शैली हुन्छ- लवाइखुवाइको, हिंडाइको, बोलीचालीको । त्यहाँ अनेक दर्शन हुन्छ- जीवनको, प्रकृतिको, जगतको । मान्छे दु:खमा रुन्छन् र सुखमा पनि रुन्छन् । तर, यी दुईको भेद के हो ? मान्छे भोकमा खान्छन् र रहरमा पनि खान्छन् । तर, यी दुईको अलग शैली के हो ? भेलमा डुबेको मान्छे हदैसम्मको संघर्ष गरेर बाँच्न चाहन्छन् र सग्लो मान्छे खोलामा हाम फालेर आफूलाई सिध्याउन चाहन्छन् । तर, यी दुईको मनोदशा कति फरक हो ? यावत् कुरा अरूले होइन, समाजले सिकाउँछ । जबकि, अनमोलले समाजका अध्यायहरू पल्टाउनै पाएनन् ।

व्यक्तिगत रूपमा 'जेन्टलमेन' हुन्, अनमोल । पारिवारिक रूपमा 'सुयोग्य सन्तान' । पूजापाठसँगै आफ्नो दैनिकी सुरु गर्छन् । माछामासु खाँदैनन् । तामसिक जीवन रुचाउँदैनन् । उनी शान्त, सौम्य र सजग छन् । मिहिनेती र इमानी छन् । तर, सिनेमामा आफ्नो जोडदार उपस्थिति कायम राख्न यी सद्गुणहरूले मात्र पुग्दैन । बरु यसका लागि उनले बालसुलभ उत्सुकता, चञ्चलता, ऊर्जा र प्रश्नहरू लिएर समाजको पाठशालामा जानु पर्नेछ । किनभने क्लोज क्याम्पको तालिमले उनलाई परेड खेल्न त सिकाउला, सैनिकको स्पन्दन अनुभूत गराउँदैन ।

*(स्रोत: अनलाइनखबर)*

# सिमलतालमा बेपत्ता बस खोज्न भारतीय टोली परिचालन

चितवन/नारागणगढ- मुग्लिन सडकखण्डको सिमलतालबाट पहिरोसँगै त्रिशूली नदीमा खसेका दुई बस र बसमा सवार यात्रुको खोज तथा उद्धार कार्यमा शनिबार देखि भारतीय टोली पनि परिचालन भएको छ ।

भारतीय नेशनल डिजास्टर रेस्पोन्स फोर्स (एनडीआरएफ) को १२ सदस्यीय टोली शनिबारदेखि खोजतलासका लागि घटनास्थल आइपुगेको हो । खोजतलासमा परिचालित हुनुअघि भारतीय टोलीले जिल्ला प्रशासन कार्यालय चितवनमा प्रमुख जिल्ला अधिकारीसहित यहाँका सुरक्षा निकायका अधिकारीहरुसँग छलफल गरेको थियो ।

छलफलपछि प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले टोलीमा रहेका १२ जनामध्ये चार जना गोताखोर रहेको बताए । टोलीले विपद् व्यवस्थापन शिक्षालय कुरिनटारका उद्धारमा खटिएकासँग छलफल गरेपछि काम सुरु गर्ने उनले बताए ।

खोजतलासका लागि आएका एनडीआरएफका प्रतिनिधि कुनाल तिवारीले अब यथासक्य छिटो खोजतलासको काममा जुट्ने बताए । उनले नेपालका जस्तै नदी भारतमा पनि रहेको जनाउँदै उस्तै प्रकृतिका नदीमा खोजतलास गर्न समस्या नहुने बताए । धमिलो र उच्च वहाबका नदीमा खोजतलास कार्य भारतमा गरेको भन्दै उनले यहाँ काम गर्न सकिने बताए ।

सुनौली नाका हुँदै नेपाल भित्रिएको टोली भैरहवामा बसेर शनिबार चितवन आइपुगेको हो । पानीमुनि खोजतलासमा प्रयोग हुने यन्त्र उपकरणलगायत सेटसहित उनीहरु आएका छन् । उनीहरुले तीन वटा अत्याधुनिक सोनार उपकरण पनि ल्याएको यादवले जानकारी दिए ।

ती उपकरणले पानीभित्र ३० फिट तलसम्म हेर्न मिल्ने जानकारी दिए । टोली सात दिनसम्म रहने उनको भनाइ छ । नेपालको स्रोतसाधनले बसको अवस्था पत्ता लगाउन नसकेपछि सरकारले खोजीका लागि अन्तर्राष्ट्रिय उद्धार टोली मगाएको हो । गृह मन्त्रालयले परराष्ट्रमार्फत भारतीय उद्धार टोली मगाएको थियो ।

यही असार २८ गते शुक्रबार वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौर जान आउँदै गरेको बागमती प्रदेश ०३-२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस चितवनको सिमलतालमा खसेको पहिरोसँगै बगेर त्रिशूली नदीमा यात्रु बेपत्ता भएका थिए ।

उक्त बसमा सवार ६५ जनामध्ये तीन जना सकुशल निस्किएका थिए भने ६२ बेपत्ता भएका थिए । शनिबारसम्म २५ जनाको शव फेला पारिएको छ भने १७ जनाको सनाखत भएका छन् । अझै ३७ यात्रुको दुईवटै बसको अवस्था पत्ता लाग्न सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# काभा यू-२० महिला भलिबलमा नेपालको पहिलो जित

माले/काभा यु-२० महिला भलिबल च्याम्पियनसिपमा नेपालले पहिलो जित हात पारेको छ । माल्दिभ्सको माले सिटीस्थित सोसल सेन्टरमा शनिबार भएको लिगको आफ्नो अन्तिम खेलमा नेपालले घरेलु टोलीलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

नेपालले माल्दिभ्सलाई २५-१६, २५-९, २५-१० ले पराजित गरेको हो । नेपालले माल्दिभ्स विरुद्ध कप्तान जेनिशा विश्वकर्मालाई बाहिर राख्दै मिना सुनार, स्नेहा ठगुन्ना र अनुषा चौधरीलाई पहिलो रोजाइमा खेलाएको थियो । नयाँ सेटमा खेल्दा नेपालको तालमेलमा केही कमजोरी देखिएको थियो । जसले गर्दा माल्दिभ्सले १६ अंक जोड्न सफल भयो । दोस्रो र तेस्रो सेट भने नेपालले एकपक्षिय रुपमा आफ्नो पक्षमा पारेको थियो ।

मुख्य प्रशिक्षक कुमार राईले सेमिफाइनल तयारीलाई मध्यनजर गर्दै माल्दिभ्स विरुद्धको खेलमा सबै खेलाडी खेल्ने मौका दिएका थिए । आरती चौधरीले दोस्रो तथा आशिका क्षेत्रीले तेस्रो सेटमा खेल्ने अवसर पाएका थिए । यसअघि लगातार दुई खेलमा पराजित भएको नेपाल माल्दिभ्सलाई हराएपछि चार टोली सहभागि च्याम्पियनसिपमा २ अंकसहित तेस्रो स्थानमा छ ।

उपाधि दाबेदारको रुपमा माल्दिभ्स आएको नेपालले सुरुवाती दुई खेलमा रिसिभ र डिफेन्समा कमजोर प्रदर्शन गर्दा पराजित भएको थियो । पहिलो खेलमा नेपाल श्रीलंकासँग ३-१ सेटमा पराजित भएको थियो भने दोस्रो खेलमा कीर्गिस्तानसँग ३-० को सेटमा पराजित भएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना !**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/१५ मा प्रा. लि नं. २७४०३२ मा दर्ता बन्दी छोड एग्रिकल्चर प्रा. लि अंग्रेजीमा BandiChhod Agriculture Pvt.Ltd. को मिति २०८१/०४/०५ मा कम्पनीको एकल संस्थापकको विशेष साधारण सभा लगायत सञ्चालक समितिबाट स्वकृति प्राप्त भई साविकको नाम बन्दी छोड एग्रिकल्चर प्रा. लि अंग्रेजीमा Bandi Chhod Agriculture Pvt.Ltd. परिवर्तन भई **बन्दी छोड रियल स्टेट एण्ड एग्रिकल्चर प्रा.लि.**, अंग्रेजीमा **Bandi Chhod Real Estate And Agriculture Pvt.Ltd.** हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्च आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरु**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

# अस्पतालको ओसीएमसीबाट २९४ जना पीडितले सेवा लिए

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन प्रणाली (ओसीएमसी)बाट २९४ जना पीडित महिला तथा पुरुषले सेवा लिएका छन् ।

स्थापना भएको वर्ष ६८ जनाले सेवा लिएको ओसीएमसी प्रभावकारी बन्दै गइरहेको छ । पीडित महिलाका लागि सहारा बन्दै गइरहेको ओसीएमसीले गत आर्थिक वर्ष २०८०/८१ मा २ सय ९४ जना पीडित महिलालाई सेवा प्रदान गरेको हो । सेवा लिनेमध्येमा १२ जना पुरुष पनि थिए । २०६८ सालमा हेटौंडा अस्पतालसहित मुलुकमा ५ वटा अस्पतालमा ओसीएमसी सेवा संचालन सुरुवात गरिएको थियो ।




ओसीएमसीले यौनजन्य र घरेलुहिंसामा परेका महिलालाई औषधिउपचार, कानूनी कारबाहीमा सहयोगसँगै परामर्श र मनोबल बढाउने कार्य गर्दै आएको छ । २४ घन्टा खुला हुनुपर्ने र सेवा पनि दिनुपर्ने भएकाले जनशक्तिको अभावले गर्दा ओसीएमसीका कर्मचारीलाई समस्या भएको ओसीएमसीले उल्लेख गरेको छ । कार्यालयमा ३ जनामात्र कार्यरत छन् । जनशक्तिको अभावले गर्दा सेवाप्रदान गर्न समस्या भइरहेको ओसीएमसीकी हेटौंडाकी प्रमुख अम्रिका श्रेष्ठले बताइन् ।

मुलुकका बिभिन्न अस्पतालका स्वास्थ्यकर्मीसमेत हेटौंडा अस्पतालको बिगत १३ वर्षदेखि सञ्चालित ओसीएमसीमा अवलोकनका लागि आउने गरेको अस्पतालका डा.रामचन्द्र सापकोटाले बताए । स्वास्थ्य विभाग र मन्त्रालयले पनि हेटौडाकै ओसीएमसीलाई अवलोकनका लागि सिफारिस गर्ने गरेको डा. सापकोटाले बताए ।

ओसीएमसीले सञ्चालन गरेका सेवा मुलुकभरमै उत्कृष्ट भएकाले अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मी यहाँ अवलोकन गर्न आउने गरेका हुन् । गत आवमा भरतपुर, सिन्धुली अस्पताललगायतका स्वास्थ्यकर्मीको टिम अवोलकनका लागि यहाँ आएका थिए । पीडित महिलाको निम्ति ओसीएमसी भरोसाको केन्द्र बनेको मकवानपुरका प्रहरी प्रमुख एसपी सीताराम रिजालले बताए । 'यौनजन्य र घरेलुहिंसामा परेकाहरुले औषधिउपचार र कानुनी उपचार पाउँदै आएका छन् ।,' उनले भने ।

# विन्दाको नेतृत्वमा आयआर्जन कृषिसमूह

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/मकवानपुरगढी गाउँपालिका-५ स्थित बुङ्दल सामूदायिक वन उपभोक्ता समूह अन्तरगत गठित बुङ्दल महिला आयआर्जन कृषिसमूहको अध्यक्षमा विन्दा लामिछाने गौतम चयन भएकी छिन् ।

शनिबार भएको भेलाले उनको नेतृत्वमा ३ वर्षको लागि नयाँ कार्यसमिति चयन गरिएको हो । समूहको उपाध्यक्ष रहेकी गौतमकै सभाध्यक्षतामा भएको भेलाले नयाँ समिति चयन गरिएको हो ।

समूहको उपाध्यक्षमा रतनमाया स्याङ्तान, सचिवमा सरु श्रेष्ठ, सहसचिवमा नारायणी आचार्य, कोषाध्यक्षमा सनिता घलानलाई चयन गरिएको छ भने सदस्यहरुमा शान्ता दाहाल र चन्द्रमाया लम्साललाई चयन गरिएको हो ।

सात जनाको समिति रहने समूहमा हाल २५ जना महिला आवद्ध रहेका छन् । आगामी दिनमा सदस्यको वृद्धि विकास गरी समूहलाई थप उचाईमा पुर्‍याउने लक्ष्य रहेको नवनिर्वाचित अध्यक्ष गौतमले बताइन् । सबैको साथ सहयोगमा समूहलाई जिल्लादेखि राष्ट्रियस्तरसम्म चिनाउनेछौं, अध्यक्ष गौतमले भनिन् ।

समूहले केही वर्षदेखि सामूदायिक वन क्षेत्रमा बेसार र अदुवाखेती गर्दै आइरहेको छ । वनलाई उत्पादनसँग जोडेर अघि बढाउने भन्दै महिला समूहले बेसार उत्पादन गरी बजारसम्म विक्रीका लागि पुर्‍याईरहेको बुङ्दल सामूदायिक वन समूहका अध्यक्ष भीमबहादुर अधिकारीले बताए । भेलामा फेकोफन मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, बुङ्दल सामूदायिक वन समूहका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद दुलाल, कोषाध्यक्ष सम्झना तिमल्सिनालगायतको आतिथ्यता रहेको थियो ।


# हाम्रो सुमो सेवाको नयाँ प्रस्तुति...



## Electric Van (EV)
## विद्युतीय यात्रुबाहक सेवा





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालकः भेष खड्गी

**हाम्रो सुमो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)

९८४५४५७५०७, ९८५५०६८८७३


# ४२ औं वीपी स्मृति दिवसमा सरसफाई तथा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/४२ औं वीपी स्मृति दिवसको अवसर पारेर वीपी विचार समाज मकवानपुरले शनिवार विविधि कार्यक्रमको आयोजना गर्दै वीपीको योगदानको चर्चा गरेको छ ।

स्मृति दिवसको अवसरमा शनिवार समाजले हेटौंडा-११ सरस्वतीमा रहेको वीपी वाटिकामा सरसफाई तथा वृक्षरोपण गरेको हो । समाजका अध्यक्ष विनोदचन्द्र कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका पूर्वसभापति एवम् बागमती प्रदेशका संगठन विभाग प्रमुख माइकल रामचन्द्र अर्यालको प्रमुख आतित्थ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि अर्यालले नेपालको राजनीतिमा वीपीको योगदानको बारेमा चर्चा गरेका थिए ।

विक्रम संवत १९७१ भदौ २४ गते जन्मेका कोइराला २०१५ सालको संसदीय निर्वाचनपछि २०१६ जेठमा नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर संघर्ष गर्दै २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्किएका वीपीको २०३९ साउन ६ गते निधन भएको थियो ।

कार्यक्रमा कांग्रेस महासमिति सदस्य राधा कोइराला, बागमती प्रदेश सदस्य प्रदीप कोइराला, नगरउपसभापति डोल्मा स्याङ्बो, शिक्षक संघका बागमती प्रदेश अर्थसचिव शान्ता गजुरेल, हेटौंडा-११ का पार्टी सभापति दीपक उप्रेती लगायत नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो ।

# प्रणामी व्यवसायीद्वारा विद्यार्थीलाई शैक्षिक सामग्री

हेटौंडा, ५ साउन/मकवानपुरगढी गाउँपालिका-६ मा रहेको बालज्योति आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरिएको छ । प्रणामी व्यवसायी संघ नेपालले आफ्नो तेस्रो स्थापना दिवसको अवसरमा विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको हो । विद्यालयका ३५ जना विपन्न तथा जेहेन्दार विद्यार्थीलाई कापी, कलम, इरेजर र साइनपेन वितरण गरिएको बिद्यालयकी प्रधानाध्यापक गीता तिमल्सीनाले बताइन् ।

संघका संस्थापक अध्यक्ष विष्णुप्रसाद वाग्लेको सभाध्यक्ष तथा मकवानपुरगढी-६ का वडाध्यक्ष कृष्णप्रसाद बजगाईको प्रमुख आतिथ्यमा शैक्षिक सामग्री वितरण भएको हो ।


# सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

६०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhababhini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

*"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"*
*"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"*

# श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय

हेटौंडा-४, मकवानपुर

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. बिजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | **प्राविधिक तर्फ** क. कम्प्युटर सफ्टवेयर | |

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाकलाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

**मो सगिम (समिन खान)** अध्यक्ष ९८११८८२२८६
**श्री रामसागर गुरागाई** प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
**श्री आधुनिक राष्ट्रिय मा.वि.** ०५७-५२०७६६

**साझाकुरा**
खोजी खोजी पढौं ।

## बाढी पहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौ ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौ र संरक्षण गरौ ।
- बस्ती तथा समुदायको रक्षा गरौ ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

*बाढीपहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना